Received Date: April 2024 Revised: May 2024 Accepted: June 2024

# संरचनावादको सैद्धान्तिक आधार र अवधारणा

**पशुपति नेउपाने**

**नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, त्रि.वि.**

*doi:* https://doi.org/10.3126/ppj.v4i01.70268

**लेखसार**

*प्रस्तुत आलेखमा संरचनावादका आधार र अवधारणाहरू प्रस्तुत गरिएको छ । संरचनावादका केकस्ता आधार र अवधारणा छन् भन्ने मूल शोधप्रश्नमा केन्द्रित भई यो आलेख तयार गरिएको हो । यस क्रममा खास गरी आधुनिक भाषाविज्ञानका पिता मानिने, स्विजरल्यान्डका फर्डिनान्ड डे ससुर (ई. १८५७–१९१३) को संरचनासम्बन्धी अवधारणालाई विशेष महत्त्व दिइएको छ । उनले भाषालाई सङ्केतहरूको व्यवस्था मानेका छन् र यसको संरचना हुन्छ भनेका छन् । सङ्केत पनि सङ्केतक र सङ्केतित मिलेर बनेको हुन्छ । उनले अर्थ निर्धारण गर्ने तत्त्वहरू सङ्केत (sign), ज्ञान (logos), संस्कृति र द्विचर विरोधलाई मानेका छन् । भाषाले विचार निर्धारण गर्छ र भाषा जानेपछि मात्रै बालकले ज्ञान आर्जन गर्छ भन्ने उनको धारणालाई पनि संरचनावादले वहन गरेको छ । ससुरकै सिद्धान्तमा टेकेर पछिका संरचनावादी र उत्तरसंरचनावादी धारणा विकसित भएको पाइन्छ । चेक संरचनावाद भने रुसी रुपवाद र ससुरेली संरचनावादको समन्वयबाट निर्माण भएको हो । ससुरको भाषासम्बन्धी कार्यलाई फ्रान्समा लेभी स्ट्रउसले मानवशास्त्रमा उपयोग गरेपछि फ्रान्सेली संरचनावादको विकास भयो । फ्रान्सेली संरचनावादमा रोला बार्थ, अल्गिडर्स युलियन ग्रिमास र भितान तोदोरोभले पनि योगदान दिए । युरोपेली संरचनावादसम्बन्धी अवधारणाहरूको व्याख्या गरी पाठकका लागि सहज बनाउने उद्देश्य लिएर सबै संरचनावादी सिद्धान्तहरू अपेक्षाकृत ससुरेली अवधारणामा आधारित छन् भन्ने निष्कर्षका साथ सम्पूर्ण भाषामा समान संरचनागत तत्त्वहरू पाइन्छन् भन्नु नै यस अध्ययनको प्राप्ति हो ।*

**शब्दकुञ्जी**

सङकेत, एकाइ, स्वशासन, रैखिक, ध्वनिविज्ञान

**विषयपरिचय**

मानवमनमा भएको संरचनागत यान्त्रिक क्षमताको अध्ययन गर्ने विज्ञानलाई संरचनावाद भनिन्छ । संरचनावाद युरोपमा विकसित एउटा आधुनिक क्रान्तिकारी सिद्धान्त हो । यो परम्परागत बौद्धिक विश्वासलाई निरन्तरता नदिई तिनीहरूलाई विस्थापित गर्दै सन् १९१० को दशकमा अस्तित्वमा आएको हो । संरचनावादी दु:खान्तको चर्चा एरिस्टोटलले आफ्नो काव्यशास्त्रमा पनि गरेका थिए । तर, यसको खास विकास गर्ने काम भने फर्डिनान्ड डे ससुरले गरेका हुन् । उनले संरचनावादी अवधारणाको विकास गरे पनि आफ्नो कृतिमा संरचना शब्द प्रयोग गरेका थिएनन्, पछि रोमन याकोब्सनले सन् १९२९ मा यो शब्द निकालेका हुन् (researchgate.net, 2006, p.2) उनी संस्कृतका विद्वान् थिए । उनले संस्कृतमा पि. एच.डी. गरेका थिए ।

उनलाई पाणिनी, पतञ्जलि, भतृहरि आदिको राम्रो ज्ञान थियो । यसले पूर्वीय प्रभावका आधारमा उनले भाषिक संरचनावादको विकास गरेका हुन भन्ने कुराको आधार प्रदान गर्छ । भाषिक संरचनावादमा सङ्केत र यसको अर्थ एवं अभिप्रायको अध्ययन गरिन्छ । भाषाको कुनै पनि इकाइ सङ्केत हो । यो सङ्केतक र सङ्केतित मिलेर बनेको हुन्छ । सङ्केत भनेको ध्वनि अथवा शब्द हो भने सङ्केतित भनेको त्यो शब्द अथवा ध्वनिले दिने मानसिक बिम्ब अथवा चित्र हो ।

ससुरको संरचनावादी भाषविज्ञानबाट विषय प्रवेश गरी युरोपेली संरचनावादका मूलभूत आधार र अवधारणा प्रस्तुत गर्नु यस यस लेखको क्षेत्र हो । यस सन्दर्भमा संरचनावादसम्बन्धी व्यापक र विस्तृत छलफल गर्नेतर्फ नलागी ससुर, प्राग र फ्रान्सेली संरचनावादको चर्चा गर्नु यसको सीमा हो । यसकारण यस अध्ययनमा अमेरिकी संरचनावादको चर्चा गरिएको छैन र यसका हार्वर्ड, इडेनबर्ग, मेरील्यान्ड, मासाचुसेट आदि जस्ता प्रसिद्ध भाषिक स्कुको सन्दर्भ कोट्याइएको छैन ।  लन्डन स्कुलको कुरै उठाइएको छैन । जुलिया क्रिस्टेभाका संरचनासम्बन्धी मान्यतालाई पनि प्रस्तुत गरिएको छैन । संरचनावादसम्बन्धी ससुर, प्राग र पेरिस समूहका चिन्तक र चिन्तनको अध्ययन गर्नु यस लेखको मूल समस्या हो । अतः यसमा फर्डिनान्ड डे ससुरका संरचनासम्बन्धी अवधारणाहरूको व्याख्या र विश्लेषणका साथ चेक र फ्रान्सेली संरचनावादको चर्चा गरिएको छ । मूलतः युरोपेली संरचनावादको सैद्धान्तिक अवधारणा स्पष्ट पार्ने काम यस अध्ययनमा भएको छ र यसको मूल आधार ससुरेली अवधारणालाई मानिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनको सामग्रीसङ्कलन मुख्यतः पुस्तकालय विधिबाट गरिएको छ । यस सन्दर्भमा नेपाली र अङ्ग्रेजी भाषामा प्राप्त सामग्री पुस्तक, पत्रपत्रिका तथा इन्टरनेटमा प्राप्त सामग्रीलाई सूक्ष्म पठन गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । अतः यसमा प्रयुक्त अधिकांश सामग्री द्वितीय स्रोतका छन् । गुणात्मक अनुसन्धान भएकाले सामग्री विश्लेषणको ढाँचा व्याख्यात्मक एवं विश्लेषणात्मक रहेको छ । यसमा स्थापित सिद्धान्तका आधार र अवधारणालाई तठस्तातपूर्वक व्याख्या र विश्लेषण गर्ने काम भएकाले निगमनात्मक पद्धतिलाई बढी महत्त्व दिइएको छ । अध्ययनबाट प्राप्त सामग्रीलाई मूलतः एपिए पद्धतिअनुरूप राख्ने प्रयस गरिएको छ ।

## संरचनावादी अवधारणा

संरचनावादले हजारौं सांसारिक वस्तु र मानवीय बुझाइलाई सङ्गठित र पद्धतिबद्ध ढङ्गले प्रस्तुत गर्छ । मानवीय सोचाइ, मानवीय अनुभव, सांसारिक घटना र सम्पूर्ण पृथ्वीको सतहमा देखिने एकै वर्गका सयौँहजारौं वस्तुहरूको एक निश्चित संरचना हुन्छ, पद्धति हुन्छ र अन्तर्निहित नियम हुन्छ भन्नु नै यसको मूल अवधारणा हो । यसले कुनै पनि वस्तुको बाहिरी शारीरिक पक्ष नभई भित्री संरचनाको अध्ययन गर्छ । जस्तै 'कुर्सी' लाई हेरौं । संसारमा लाखौं कुर्सीहरू छन् । तिनका रङ, आकार, मूल्य, गुण, तौल आदि फरक हुन सक्छन् तर तिनीहरूको एउटै भित्री पद्धति एवं संरचना हुन्छ । त्यसकारण, संरचनावादको अध्ययन भनेको प्रत्येक कुर्सीको बाहिरी बनावट, रूप, रङ, उचाइ, तौल आदि नभएर ती सबै कुर्सीहरूको निश्चित संरचनागत बनोटको अध्ययन हो, तिनै कुर्सी बन्ने संरचनाको अध्ययन हो । अर्को उदाहरण हेरौं, हामी मानिसहरू पनि कोही काला, कोही गोरा, कोही अग्ला, कोही होचा, कोही राम्रा, कोही नराम्रा, कोही पढेका अथवा कोही नपढेका छौं तर पनि हामी सबैको शारीरिक संरचना एकै किसिमको छ, सबै शरीरका अङ्गहरूको बनोट एकै प्रकारको छ, सबै अङ्गहरूको स्थान

वा अवस्थिति एउटै छ । तिनै भित्री पद्धति वा संरचनागत एकरूपताको अवधारणाबाट संरचनावादी सिद्धान्तको विकास भएको हो ।

संरचनावाद एक मानवीय विज्ञान हो । यसले सांसारिक वस्तुहरूलाई सङ्गठित गर्ने भित्री संरचनागत एकरूपतालाई प्रस्तुत गर्दछ । ती सांसारिक प्रकार्य, गणित, जीवविज्ञान, भाषाविज्ञान, धर्म, मनोविज्ञान र साहित्य आदि जुनसुकै क्षेत्रका हुन सक्छन् । मानवीय चेतनामा भएको भित्री क्षमता, जसले कुनै पनि वस्तुमा भएका भित्री समानता र एकरूपताका पद्धति एवं संरचनाको अध्ययन गर्दछ भने त्यसलाई संरचनावादी अध्ययन भन्न सकिन्छ ।

संरचनावाद मानवमनमा भएको संरचनागत यान्त्रिक क्षमताको अध्ययन गर्ने सिद्धान्त हो (टाइसन, सन् २००६, पृ.२१०) । हामी बसेको संसार गन्न नसकिने घटना र वस्तुहरू मिलेर बनेको छ । बाहिर जे देखिन्छन्, ती निश्चित सूत्र र पद्धतिका अधारमा संरचित र सङ्गठित छन् । ती वस्तु र घटनाहरूलाई संरचित र सङ्गठित गर्ने सूत्र र पद्धतिको अध्ययन संरचनावादले गर्दछ । यसले हामीलाई यो प्राकृतिक संसारलाई बुझ्न र सङ्गठित ढङ्गले अध्ययन गर्न सहयोग गरेको छ । हाम्रो अदृश्य मानसिक संसारमा वस्तुप्रतिको निश्चित पद्धति बुझ्ने क्षमता हुन्छ । त्यसैका आधारमा मात्र हामी वस्तुहरूलाई बुझ्न सक्छौँ । यसलाई अझ स्पष्ट पारौँ । यदि हामी एउटा घरको बाहिरी रङ, गुण र बनावटमा ध्यान दिएर घरको संरचना बुझ्न खोज्छौँ भने हामी संरचनागत कार्यकलापमा छैनौँ । तर, यो घर र अरू घरमा भएका समान प्रणालीहरू जस्तै झ्याल, ढोका, छत, पर्खाल आदि भित्री संरचनागत प्रणालीहरू बुझ्न थाल्छौँ भने वास्तवमै हामी संरचनागत कार्यकलापमा संलग्न हुन्छौँ । साहित्यिक अध्ययनमा पनि त्यही पद्धति लागु हुन्छ । एउटा कथा पढेर त्यसका पात्र, घटनाहरू, वातावरण र पृष्ठभूमि आदि बुझ्यौँ भने त्यो संरचनागत अध्ययन हुदैन, बरु धेरैवटा कथा पढेर तिनीहरूबिच समान घटनाहरूको विकास, कथावस्तु प्रस्तुत गर्ने पद्धति, व्याख्या गर्ने तरिका आदि समान संयन्त्रहरूको अध्ययन गऱ्यौँ भने त्यही नै संरचनागत कार्यकलाप हुन्छ ।

संरचनावादीहरू एउटा कार्य अथवा एउटै व्यक्तिगत साहित्यिक काममा केद्रित हुँदैनन् । उनीहरू धेरैवटा कामलाई सङ्ठित गर्ने एकै किसिमका अन्तर्निहित तत्त्वहरूको अध्ययन गर्छन् । यसकारण संरचनावाद आफैमा एक मानवीय विज्ञान हो । यसको प्रयास मानवीय अनुभव, मानवीय व्यवहार र उत्पादनमा भएका मौलिक संरचनाहरूलाई पद्धतिबद्ध ढङ्गले बुझ्नु हुन्छ । अतः यसलाई अध्ययन क्षेत्रको रूपमा मात्र सोच्नु हुँदैन, बरु यो एउटा मानवीय अनुभवहरूलाई पद्धतिबद्ध ढङ्गले बुझ्ने तरिका हो ।

सामान्यतः संरचनावाद बिसौँ शताब्दीका अरू जागरण जस्तै भाषाका क्षेत्रमा देखिएको जागरण हो । यसले इतिहास, दर्शन, मानवशास्त्र, समाजशास्त्र, साहित्यिक समालोचना, विज्ञान, भाषशास्त्र आदि विविध क्षेत्रहरूलाई प्रभाव पारेको छ । यसलाई भाषामा एक आफैँमा निहित सम्बन्धगत संरचनाका रूपमा लिइन्छ । यसको अर्थ भाषामा धेरैवटा तत्वहरू हुन्छन् । ती विभिन्न तत्त्वहरूको सम्बन्धद्वारा एक निश्चित प्रणाली बन्दछ र यसै अनुसार भाषाले कार्य गर्दछ । यसको तात्पर्य सम्पूर्ण भाषाहरूमा समान संरचनागत तत्त्वहरू पाइन्छन् भन्ने हो ।

यस सिद्धान्तलाई सबैभन्दा पहिले स्पष्ट पार्ने काम स्विस विद्वान् फर्डिनान्ड डे ससुरले गरेका हुन् । यो ससुरवादी सिद्धान्तलाई पछि अन्य भाषिक समूहरू जस्तै प्राग भाषिक समूह र अरु युरोपेली जागरणहरूले व्याख्या

र विस्तार गर्ने काम गरेका छन् । अमेरिकी तथा युरोपेली संरचनावादको अर्थमा प्रायः धेरै समानता पाइन्छ । फ्रेन्ज बोएस (सन्. १८५८–१९४२) र ड्वार्ड स्पेयर (सन्. १८८४-१९३९) ले यही युरोपेली संरचनावादको नमुनालाई पछ्याएका छन् । आजभोलि यसलाई  समग्रमा उत्तर ब्लुमफिलडेली भाषाविश्लेषण स्कुल भनेर सङ्कुचित अर्थमा पनि बुझ्न थालिएको छ । यसलाई लिओनार्ड ब्लुमफिल्डले सन् १९३० भन्दा पछाडि विकास गरेका थिए । ध्वनिविज्ञान र शब्दसंरचनाविज्ञानको अध्ययन नै तिनीहरूको चाखको विषय हो ।

एउटा संरचनावादीले कुनै पनि प्रणालीका एकाइलाई हेर्दछ । निश्चित नियमका माध्यमबाट त्यस प्रणालीले कार्य गरिरहेको हुन्छ । जस्तै भाषाका शब्दहरू भाषिक एकाइ हुन् । मानव शरीर पनि एक सिङ्गो प्रणाली हो, जुन विभिन्न अङ्गहरू मिलेर बनेको हुन्छ अनि ती अङ्ग वा एकाइहरूले पनि निश्चित नियम र पद्धतिका आधारमा कार्य गरिरहेका हुन्छन् । यही प्रक्रियालाई संरचनावादीहरूले अध्ययन गर्दछन् ।

संरचनावादीहरू प्रत्येक आन्तरिक संरचनाभित्र निश्चित एकाइ र नियमहरू मिलाएर एउटा अर्थपूर्ण प्रणाली बनाउँछन् र यसलाई बुझ्न मानव मन आफैमा सक्षम छ भन्ने कुरामा विश्वास गर्दछन् । अतः मानव मन पनि संरचित यन्त्र हो । यसले एकाइहरूको अध्ययन र सम्बन्धलाई नियमबद्ध ढङ्गले बुझ्दछ । संरचनावादीहरूका लागि संसार पनि मानव मनको उत्पादन हो तर संसारको प्रान्त भने संसारमा अन्तर्निहित छैन । यसको अर्थ संसारमा वास्तविकता छैन भन्ने होइन, बरु अत्यधिक वास्तविकतहरू छन् र तिनीहरूलाई निश्चित प्रणालीमा सङ्गठित गर्ने काम मानव मनले गर्दछ भन्ने हो । यसरी गणित, जीवविज्ञान, भाषाशास्त्र, धर्म, मनोविज्ञान, साहित्य आदिलाई मानवीय मनले नै सोचेर, विचार गरेर र महसुस गरेर अर्थ प्रदान गर्दछ । संरचनागत विश्लेषणमा ती प्रणालीहरू सर्वव्यापक मानिन्छन् । सांस्कृतिक घटनालाई बुझ्न र सङ्गठित गर्नको लागि प्रत्येक मानव मनले प्रत्येक संस्कृति र प्रत्येक इतिहासको मोडमा संरचनाको सिद्धान्त लगाएको थियो, छ र हुनेछ । जस्तै मानव संस्कृतिमा कुनै भाषा छ । हरेक भाषाको आधारभूत संरचना हुन्छ । यसको अर्थ त्यहाँ व्याकरणिक सूत्र र नियमअनुसार शब्दहरू जोडिएका हुन्छन् । जसले गर्दा निश्चित अर्थ आदानप्रदान हुन्छ । यसरी नै प्रत्येक समाजमा सरकार, विवाह परम्परा, आर्थिक प्रणालीजस्ता सामाजिक पद्धतिहरू हुन्छन् । ती सबै पद्धतिहरू निश्चित संरचनामा आधारित हुन्छन् ।

संरचना वास्तवमा भौतिक र शारीरिक वस्तु होइन । यो धारणागत र मानसिक ढाँचा हो, जसले हामीलाई भौतिक वस्तुहरूका बारेमा बुझ्न र व्यवस्थित गर्न सहयोग गर्दछ । संरचनावादीहरू संरचनाको उत्पति मानव मनबाट हुन्छ भन्ने कुरामा विश्वास गर्दछन् । त्यसैले मानव मनलाई संरचना बनाउने यन्त्र पनि भनिन्छ ।

संरचनावादीहरूका अनुसार हामीले जान्ने संसार दुईवटा तत्त्वहरूले बनेको छ :  १. दृश्य २. अदृश्य । अदृश्य संसारले दृश्य संसारलाई सङ्गठित र प्रणालीबद्ध बनाएको हुन्छ । यही अदृश्य संसारको अध्ययन गर्ने सिद्धान्त नै संरचनावादी सिद्धान्त हो । संरचनावादले स्वयम्लाई एक यस्तो मानवीय विज्ञानका रूपमा हेर्दछ, जसको प्रयास कुनै पनि कुरालाई पद्धतिबद्ध ढङ्गले अध्ययन गर्नु र बुझ्नु हो । यसले सबै खालका मानवीय व्यवहारहरू, उत्पादनहरू र अनुभवहरूलाई निश्चित पद्धतिका आधारमा अध्ययन गर्दछ । फर्डिनान्ड डे ससुर, लेभी स्ट्राउस, रोलाँ बार्थ आदिले संरचनावादको स्थपना र विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यिनीहरूले संरचनावादका तिनवटा नभइनहुने तत्त्वहरू उल्लेख गरेका छन् (टाइसन, २००६, पृ.२११) ।

**क) सम्पूर्णता**

कुनै पनि संरचनाभित्र भएका एकाइमध्ये प्रत्येक एकाइ आफैमा आत्मनिर्भर नभई संरचनाको एक सदस्यको हैसियतले एकअर्कामा निर्भर भएर सम्पूर्णताको भूमिका खेलिरहेका हुन्छन् । यदि कुनै पनि एउटा एकाइमा त्यो गुण भएन भने संरचनाको निर्माण नै नहुन सक्छ । यसको तात्पर्य कुनै पनि संरचनाभित्र भएका एकाइहरूले एकअर्कामा सहयोगी र निर्भर भएर कार्य गरिरहेका हुन्छन् भन्ने हो । एउटाको अर्थ र अस्तित्व अर्कासँगको सम्बन्ध र अस्तित्वमा पनि उस्तै किसिमले पाउन सकिन्छ (टाइसन, २००६, पृ.२११) । उदाहरणका रूपमा परिवार एउटा संरचना हो । यसमा धेरैवटा भूमिकामा धेरैवटा तत्त्वहरू हुन्छन् । जस्तै; आमा, बुवा, छोरा, छोरी, भाइ, बहिनी अदि । यिनीहरू एकअर्कामा फरक छन् तर पनि अन्तर्निर्भर रहेर मात्र अर्थ र अस्तित्व बचाई पारिवारिक संरचना कायम गर्दछन् ।

**ख) गतिशीलता**

लचकता र गतिशीलता संरचनाको दोस्रो विशेषता हो । कुनै पनि संरचना गतिशील र समयानुसार परिवतर्नशील हुन्छ, स्थिर हुँदैन, तैपनि यो सधै आफैमा पूर्ण हुन्छ । कुनै पनि प्रणालीमा नयाँ एकाइहरू थपिन पनि सक्छन्, तैपनि तिनीहरू नियमद्वारा शासित हुन्छन् ।

**ग) स्वशासन**

यो गतिशीलतासँग सम्बन्धित एकाइ हो । यसको अर्थ कुनै प्रणालीमा नयाँ एकाइ थप्न सकिन्छ तर सिङ्गो प्रणालीको संरचनालाई फेर्न सकिँदैन भन्ने हुन्छ । उदाहरणका लागि नयाँ भाषिक उच्चारणलाई लिन सकिन्छ । यो सधैँ कुनै पद्धतिसँग सम्बद्ध हुन्छ अनि यसले त्यही पद्धतिका नियमको पालना गर्छ । (टाइसन, २००६, पृ.२११)

**संरचनावादी भाषाविज्ञान**को विकास फर्डिनान्ड डे ससुरले सन् १९१३ र १९१५ को बिचमा गरेका हुन् । तर, उनका अन्य कृति र कामहरू सन् १९५० को दशकसम्म अङ्ग्रेजीमा अनुवाद नभएकाले उनी पनि यो अवधिसम्म त्यति प्रसिद्ध भएनन् (टाइसन, २००६, पृ.२१२) । त्यसपछि भने उनले भाषिक अध्ययनका क्षेत्रमा गरेको योगदान सिङ्गो संसारमा क्रान्तिकारी विजयका रूपमा स्थापित हुन पुग्यो । उनले भाषालाई सधैँ पूर्ण र संरचनाबद्ध अस्तित्व माने र जहिले पनि आफैमा प्रणालीबद्ध र संरचनाबद्ध हुन्छ भनी स्पष्ट पारे । भाषा सम्प्रेषणमा वक्ता र श्रोताबिचको सम्बन्ध मानसिक आधारमा हुन्छ भन्ने धारणा ससुरकै हो । उनले भाषालाई सामाजिक घटना अथवा सामाजिक उत्पादनको प्रतिफल मानेका छन्, यो आफैमा विचार नभई वक्ता र श्रोता विचारमा प्रवेश गर्ने माध्यम हो भनेका छन् र व्यक्तिले आफ्ना भावना साटासाट गर्ने क्रममा भाषिक कार्य पूर्ण हुन्छ भनी बताएका छन् । खास गरी उनी भाषालाई सङ्केत मान्छन् र वाह्य यथार्थलाई वर्जित गरेर ती सङ्केतहरूभित्रका तत्त्वहरूलाई समष्टि संरचना मान्ने कुरामा जोड दिन्छन् ( श्रेष्ठ, २०५९, पृ.६१) ।

ससुरले गरेको अध्ययनलाई भाषाको एककालिक अथवा समकालिक अध्ययन भनिन्छ । यसलाई वैज्ञानिक र पद्धतिबद्ध ढङ्गले अध्ययन गर्ने प्रयासका रूपमा लिइन्छ । भाषाका एकाइहरूले एकआपसमा मिलेर संरचना बनाउँछन् र प्रणालीगत रूपमा कार्य गर्दछन् भन्ने धारणाको विकास ससुरले गरेका हुन् । उनीभन्दा अगाडिसम्म भाषामा हुने ऐतिहासिक र कालक्रमिक परिवर्तन र उतारचढावलाई अध्ययन गरिन्थ्यो । भाषा पहिले

अपूर्ण थियो, त्यसैले यसले समयको परिवर्तन र विकाससँगै क्रमिक रूपमा पूर्णता प्राप्त गर्दै गइरहेको छ भन्ने तर्क परम्परागत भाषा अध्ययन गर्ने समूहको थियो । यसलाई नै भाषाको कालक्रमिक अध्ययन भनिन्थ्यो ।


ससुरका अनुसार संरचनावादले भाषाको उत्पति र कारणका बारेमा अध्ययन गर्दैन बरु यसले भाषाभित्रका नियमहरू र तिनीहरूले कसरी कार्य गर्दछन् भन्ने कुराको अध्ययन गर्दछ । यसले प्रत्येक शब्द र वाक्यहरूलाई अध्ययन नगरेर ती सम्पूर्णको संरचना र त्यसभित्र भएका नियमहरूको अध्ययन गर्दछ । यसरी संरचना र वाक्यहरूको अवधारणलाई स्पष्ट पार्न ससुरले **भाषा** र **वाणी**का बारेमा छलफल गरेका छन् ।

उनका अनुसार ल्याङ भनेको भाषाको सम्पूर्ण पद्धति हो, व्यवस्थित प्रक्रिया हो । यसलाई हिज्जे, उच्चारण र व्याकरणको पद्धति भन्न सकिन्छ । यो भाषामाथि शासन गरिरहेको भित्री संरचना हो, जसले लाखौं बोलीलाई उत्पन्न गर्दछ । वाक्य निर्माण गर्न प्रयोग गरिने व्याकरणिक नियम पनि यसैअन्तर्गत पर्दछ । यो अध्ययनको उद्देश्य हो । यो समग्रतायुक्त, सर्वव्यापक र वृहत् हुन्छ । भाषा सामाजिक हुन्छ, निश्चित हुन्छ ।

त्यसैगरी परोल भनेको व्यक्तिको भाषा हो, सञ्चारको पद्धति हो । बोली, लेखन र मौखिक कार्य यसअन्तर्गत पर्छ । यो बाहिरी शारीरिक एवं भौतिक रूपमा उच्चारण गरिने अभिव्यक्ति अथवा भाषिक बोली नै हो । यो भाषाको एक भाग वा अंशको बाहिरी प्रस्तुति हो । वाणी वैयक्तिक र स्वतन्त्र हुन्छ । यो एउटा व्यक्तिले प्रस्तुत गर्छ । जस्तै, देवकोटाको यात्री कविता । पछि सञ्चार क्षेत्रमा ल्यङलाई सङ्केत र परोललाई सन्देश भनियो । नोम चम्स्कीले चाहिँ ल्याङलाई क्षमता र परोललाई प्रस्तुति भने ।

## सङ्केत

ससुरका विचारमा भाषाको कुनै पनि इकाइ सङ्केत हो र संरचनावाद भनेको सङ्केतहरूको प्रणाली हो । यसलाई परिभाषित गर्दै उनी भन्छन्, "कुनै पनि शब्दले वस्तुलाई प्रतिनिधित्व वा प्रस्तुत गर्ने हैसियत राख्छ भने त्यो नै सङ्केत हो ।" जस्तै; 'कलम' शब्दले मसी भरेर लेखनकार्य गर्ने कुनै वस्तुलाई प्रतिनिधित्व गर्दछ । त्यसैले कलम एउटा सङ्केत हो । यो अर्थपूर्ण छ । सङ्केतका दुईवटा पाटा हुन्छन् : सङ्केतक र सङ्केतित




सङ्केत भनेको ध्वनि प्रतीक हो, जुन हाम्रा मनमा अमिट छाप भएर रहेको हुन्छ । त्यस्तै सङ्केतित भनेको वस्तुप्रतिको मानसिक धारणा अथवा चेतना हो ।

भाषा, नाम दिने प्रक्रियामा आधारित हुन्छ । वस्तुहरू नाम अथवा शब्दसँग सम्बन्धित हुन्छन् । अतः ध्वनि प्रतीक, हाम्रो मस्तिष्कमा पर्ने वस्तुप्रतिको छाप र वस्तुले हामीमा बनाउने प्रभाव एवं धारणाको मिलनबाट सङ्केत बन्दछ । यिनै सङ्केतहरूका माध्यमबाट हामी अनुभवहरूको आदानप्रदान गर्दछौँ । सङ्केत निश्चित पद्धति र प्रणालीमा आधारित हुन्छ । ससुर आफैले 'रूख' को उदाहरण दिएका छन् । फरक भाषामा 'रूख' का लागि फरकफरक शब्दहरू हुन सक्छन् । तर, एउटा निश्चित भाषाको वक्ताको रूपमा यो शब्द उच्चारण गर्नेबित्तिकै हाम्रो मनमा स्वतः एउटा ध्वनि प्रतीक र धारणा 'रूख' आइहाल्छ । सङ्केत जहिले पनि सङ्केतक र सङ्केतित मिलेर बनेको हुन्छ अनि तिनका बिचमा मुख्य दुईवटा विशेषता हुन्छन् ।

पहिलो सङ्केतक र सङ्केतितबिचको सम्बन्ध **यादृच्छिक** हुन्छ, अर्थात् शब्दले वस्तु आफैँलाई बोक्तैन अथवा शब्दभित्र वस्तुको भौतिक उपस्थिति हुँदैन । सङ्केतक र सङ्केतितका बिचमा शारीरिक, प्राकृतिक र तार्किक सम्बन्ध हुँदैन । जस्तै, अङ्ग्रेजीका डग र हन्ड  दुवै एउटै घरपालुवा जनवार 'कुकुर' लाई जनाउने शब्द हुन् तर ती भाषिक एकाइ मात्र हुन् । वास्तविक वस्तुसँग तिनीहरूको शारीरिक सम्बन्ध हुँदैन । चम्चाको अर्थ पहिला चिनी आदि झिक्ने सानो साधन मात्र थियो तर अहिले त्यसका अतिरिक्त चाकरीबाज (नेताको चम्चा) भन्ने पनि हुन्छ । हरेक कुरा सांस्कृतिक रूपमा निर्मित हुन्छ भन्नु यसको अर्थ हो । उदाहरणका लागि भगवान्‌को अर्थ हिन्दूका लागि कृष्ण, इसाईका लागि गड, मुस्लिमका लागि अल्लाह हुन्छ । एउटै शब्दका अर्थ किन भिन्न हुन्छन् भन्ने कुरा नै यादृच्छिकपन हो । यही नियम भाषाको सम्पूर्ण संरचनामा लागु हुन्छ ।

सङ्केतको दोस्रो विशेषता भनेको सङकेतक वा बोलाइ अथवा सुनाइ निश्चित समयमा आउँछ र त्यो समयलाई **रेखीय** रूपमा नाप्न सकिन्छ भन्ने हो **।** एउटै समयमा दुईवटा सङ्केतहरूलाई अभिव्यक्त गर्न सकिदैन । एकपछि अर्को गरेर रेखीय रूपमा मात्र सङ्केतहरूलाई बाहिर अभिव्यक्त गर्न सकिन्छ । लेख्य भाषामा पनि यही नियम लागु हुन्छ । यसबाट भाषाले रैखिक रूपमा काम गर्छ भन्ने कुराको जानकारी प्राप्त हुन्छ । सबै तत्त्वहरू मिलेर शृङ्खलित रूपमा भाषिक सिक्री तयार गर्दछन् । जस्तै; हामी भकुन्डो खेल्छौँ । यस वाक्यमा सबै सङ्ेतहरू एकपछि अर्को गर्दै सबै शृङ्खलित रूपमा आएका छन् ।

**भाषिक मूल्य**

ससुरका अनुसार सोचाइ भनेको आकाररहित थुप्रो हो । यसलाई भाषाले मात्र क्रमबद्ध बनाउँछ । यहाँ एउटा महत्त्वपूर्ण प्रश्न के उठ्छ भने भाषाविना विचारहरू अस्तित्वमा आउँछन् कि आउँदैनन् ? जस्तै; हेलेन केलरले भाषा सिक्नुभन्दा अगाडि उनी के सोच्थिन् ? सस्युरका अनुसार भाषाभन्दा अगाडि कुनै पनि विचार अस्तित्वमा रहँदैन । भाषाले विचारलाई आकार दिन्छ र अभिव्यक्त गर्न योग्य बनाउँछ । अर्को शब्दमा भन्नुपर्दा भाषाविना सोचाइ रहँदैन । यसबाट संरचनावादी र पुनर्संरचनावादी सोचाइको विकास के हुन्छ भने भाषाले हाम्रा अवधारणालाई आकार दिन्छ र हाम्रो वास्तविकतालाई पनि साकार पार्छ । यस अर्थमा सङ्केत शारीरिक भौतिक र बौद्धिक आध्यात्मिक पनि हो । यहाँ ससुर के कुरामा जोड दिन्छन् भने भाषा वस्तु होइन तर एउटा रूप, प्रणाली र संरचना हो । उनका विचारमा **'विचार**' र '**आवाज'** एउटै कागजका दुई पाटा हुन् । हामी तिनीहरूबिच फरक पाउन सक्छौँ तर छुट्याउन सक्दैनौँ ।

'मूल्य' भनेको कुनै पनि संरचना वा प्रणालीको उत्पादन हो । एउटा संरचनागत प्रणालीभित्र रहेका धेरैवटा सङ्केतहरूको सम्बन्ध नै मूल्य हो । यस अर्थमा भाषा एक परनिर्भर एकाइहरूको प्रणाली हो, जसमा

एउटा सङकेतले अरू सङ्केतसँगको सम्बन्धबाट आफ्नो मूल्य पाउँछ । मूल्य एउटै प्रणालीभित्र भएका तत्त्वहरूबिचको दुईखाले तुलनाबाट थाहा पाउन सकिन्छ । अतः सङ्केतका पनि दुईखाले मूल्यहरू हुन्छन् : सम्बन्धवाचक मूल्य र भिन्नतावाचक मूल्य ।

सबै सङ्केतहरू एकअर्काबाट फरक हुन्छन्, त्यसैले तिनीहरूले अर्थ र अस्तित्व पाउँछन् । भिन्नतावाचक हुनु सङ्केतको एक महत्त्वपूर्ण मूल्य हो । जस्तो 'हात' भन्ने सङ्केत रात, भात, खात, जात, लात आदि सङ्केतहरूभन्दा फरक छ । यी सङ्केतहरू एउटै प्रणालीभित्र फरकफरक छन्, त्यसैले आफ्नो अस्तित्वलाई कायम गर्दछन् । परिवार एउटा प्रणाली हो, जहाँ बुबा, आमा, छोरा, छोरी, भाइ, बहिनी सबै एकअर्कामा फरक छन् । त्यसैले तिनीहरूले व्यक्तिगत मूल्य पाउँछन् । त्यसै गरी यी सबै सङ्केतहरू एकअर्कामा सम्बन्धित पनि हुन्छन् । कुनै पनि निश्चित प्रणालीभित्र तिनीहरू एकअर्कामा परनिर्भर भएर र सम्बन्धित भएर कार्य गरिरहेका हुन्छन् । त्यसै कारण तिनीहरू अस्तित्वमा रहन्छन् । यसलाई सम्बन्धवाचक मूल्य भनिन्छ ।

यो सम्बन्धवाचक र भिन्नतावाचक मूल्य एउटा शब्ददेखि साहित्यसम्मको संरचनामा पाउन सकिन्छ । जस्तै; 'कलम' मा 'क-ल-म' एकअर्कामा फरक तर सम्बन्धित पनि छन् । त्यसैले यी अर्थपूर्ण एकाइ पनि हुन् ।

## शब्दको समतलीय र उर्ध्वतलीय सम्बन्ध

यहाँ शब्दको तेर्छो सम्बन्धलाई समतलीय र ठाडो सम्बन्धलाई उर्ध्वतलीय भनिएको छ । यस खण्डमा ससुर भाषिक प्रणालीले कसरी कार्य गर्दछ भन्ने कुराको विश्लेषण गर्दछन् । एकै प्रणालीमा फरक र सम्बन्धित मूल्यहरू भएका प्रत्येक एकाइहरू एकअर्कामा सम्बन्धित हुन्छन् । तिनीहरू कुन नियम र सूत्रहरूमा बाँधिएर कार्य गर्दछन् भन्ने कुराको अध्ययन नै सम्बन्धको अध्ययन हो ।

ससुरका अनुसार समतलीय सम्बन्धमा सङ्केतका एकाइहरू रैखिक रूपले रहेका हुन्छन् । यो सङ्केतको सम्बन्धको अध्ययनमा महत्वपूर्ण हुन्छ । लिखित एवं मौखिक भाषामा शब्दहरू एकपछि अर्को गरेर आउँछन् किनभने भाषा रैखिक हुन्छ । यसले एकाइहरूको सम्बन्धका आधारमा एउटा शृङ्खला बनाउँछ । यसमा प्रणालीको निश्चित नियम अनुसार सङ्केतहरू रेखीय रूपमा संरचित हुन्छन् । यो बाहिर प्रस्तुत भएर देखिने वा सुनिने भएको हँदा बढी महत्त्वपूर्ण मानिन्छ । जस्तै, ऊ बिरालो जस्तै छ । ऊ बिरालो जस्तै छ । यहाँ शब्दहरू क्षितिजीय क्रममा छन् । हरेक शब्दको आआफ्नो मूल्य हुन्छ, । जुन शब्द जहाँ हुनुपर्ने हो, त्यहीँ हुँदा मात्र अर्थ निस्कन्छ, शब्दको स्थान परिवर्तन गऱ्यो भने अर्थभङ्ग हुन सक्छ ।

उर्ध्वतलीय सम्बन्धहरू हाम्रा मस्तिष्कमा हुन्छन् । हाम्रा मस्तिष्कमा धेरै सङ्केतहरू हुन्छन् । तिनीहरूलाई नै हामी आवश्यकता अनुसार बाहिर लेख्छौँ अथवा बोल्छौँ । अतः हाम्रो मस्तिष्कभित्र रहेका सङ्केतहरूलाई छान्ने पक्षलाई उर्ध्वतलीय सम्बन्ध भनिन्छ । यसमा हामी एउटा शब्दका ठाउँमा अर्को शब्द छान्न सक्छौँ । जस्तै,

| | | | |
|---|---|---|---|
| ऊ | बिरालो | जस्तै | छ । |
| उनी | गाई | जस्तै | थिइन् । |
| म | पशु | जस्तै | छु । |
| तिमी | केटी | जस्तै | छौ । |

माथिका ऊ, बिरालो जस्तै छ मा समतलीय सम्बन्ध छ भने ऊ, उनी, म, तिमी अनि बिरालो, गाई, पशु, केटी मा उर्ध्वतलीय सम्बन्ध छ ।

**चेक संरचनावाद (प्राग भाषिक समूह)**

रसियामा स्टालिनवादीको विरोधका कारण रूपवादको अधोगति हुन थालेपछि रोमन याकोब्सन, टिन्यानोम, रेने बेलेक आदि रुसबाट चेकोस्लोभाकियातिर गई माथेसियससँग मिलेर प्राग सम्प्रदायको स्थापना गरेपछि रूपवादकै विस्तारका रूपमा चेक संरचनावादको विकास भएको हो (शर्मा र लुइटेल, २०६१, पृ. २१७) । यसको स्थापना सन् १९२६ मा प्रागमा भएको हो । यसमा खास गरी प्राग विश्वविद्यालयका अङ्ग्रेजी प्राध्यापक माथेसियस (१८८२–१९४५) र रुसी मूलका भाषाशास्त्री रोमन याकोब्सनको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । यस समूहका प्रथम अध्यक्ष माथेसियस नै थिए ।  प्राग सम्प्रदायले रुसी रूपवाद र ससुरेली संरचनावादलाई समन्वय गरेर चेक संरचनावादको निर्माण गरेको बुझिन्छ । यस कारण रुसी रूपवाद र प्राग भाषिक समूहको गहन सम्बन्ध देखिन्छ ।  जन मुकारोब्स्की पनि प्रागका महत्त्वपूर्ण सिद्धान्तकार थिए । उनले आफ्नो महत्त्वपूर्ण कार्य 'दि मे मोनोग्राफ अफ १९२०' को अवधारणा रुसी रूपवादबाट लिएको कुरा स्विकारेका छन् । प्राग चिन्तनको स्रोत रुसी रूपवाद नै हो भन्ने कुरा माथेसियसको अभिव्यक्तिबाट पनि स्पष्ट हुन्छ । संस्थाको दस वर्षको कार्यप्रगतिको सर्वेक्षण गर्ने क्रममा उनले रुसी रूपवादको खुलेर प्रशंसा गरेका थिए ।  सन् १९२८ देखि १९३९ सम्म यसले व्यापक रूपमा आफ्नो प्रभाव छोड्यो । सन् १९४२ मा रोमन याकोब्सन अमेरिकातिर बसाइँ सरे । उनको महत्त्वपूर्ण प्रभाव भनेको दार्शनिक सिद्धान्त प्रतिपादनमा ठोस योगदान दिनु थियो र दिए पनि । पछि  सन् १९५२ तिर यो भङ्ग भयो । जे होस्, प्राग भाषिक समूहका सबै चिन्तक सर्वप्रथमतः ससुरबाटै प्रभावित थिए ।

प्राग समूहले प्रकार्यवादमा विश्वास गर्छ ।  पाठ भनेको प्रकार्यात्मक संरचना हो भनेर यसले परिभाषित गरेको देखिन्छ । याकोब्सनले छवटा प्रकार्यको व्याख्या गरेका छन् । प्रत्येक संप्रेषणमा छ प्रकार्यको उपस्थिति हुन्छ भन्ने उनको धारणा छ । यी छ प्रकार्य भनेका सम्बोधक, सन्देश, सम्पर्क, सन्दर्भ, संहिता र सम्बोधित हुन् ( शर्मा र लुइटेल, २०६१,पृ. २१८) । यीमध्ये सन्देश काव्यात्मक प्रकार्यसँग सम्बन्धित छ । यसलाई रूपवादकै सङ्केतवैज्ञानिक संस्करण मानिएको छ । यसले साहित्यिक संरचना कसरी भएको छ भन्ने कुरामा बढी जोड दिन्छ ।

प्राग भाषिक समूहले *लिङ्ग्विस्टिक ङे प्राग* नामक पत्रिका प्रकाशन गरेको थियो । यो समूहको प्राथमिक रुचि दार्शनिक सिद्धान्त प्रतिपादन गर्नु नै थियो र भाषिक प्रकार्यको सिद्धान्त प्रतिपादन पनि गर्‍यो, तर यो अपूर्ण जस्तै भएकाले पछिका अनुसन्धानका लागि यसले महत्त्वपूर्ण जगको काम गर्न भने सकेन (हर्टेज, क्रिना, पिडिएफ, १ डिसेम्बर १९९८) । सन् १९२८ मा रोमन याकोब्सनले निकोलाई सर्ज ट्रुबेज्कोए र सर्ज ट्रुबेज्कोएसँग मिलेर एउटा कार्यक्रम प्रस्तुत गरेका थिए । यसमा ट्रुबेज्कोएले ध्वनिशास्त्र र ध्वनि प्रक्रियाको व्याख्या गरे । माथेसियसले वाक्यका बारेमा प्रवचन दिए । याकोब्सनले भने काव्यशास्त्रका बारेमा रुचि देखाए । जन मुकारोब्स्कीले चाहिँ काव्यभाषको सामना गरे । खास गरी प्राग समूले प्रकार्यका आधारमा भाषालाई हेर्‍यो । सञ्चारात्मक र अभिव्यञ्जनात्मक प्रकार्यमा यिनको विशेष जोड रह्यो । भाषा विश्वव्यापी सञ्चारको साधन हो भन्ने कुरा यसका सबै भाषशास्त्रीले स्वीकार गरे ।

रसियन निकोलाई ट्रुबेज्कोए पनि यस समूहका अग्रणी व्यक्तित्व थिए । उनले ध्वनिका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका थिए । उनको प्रसिद्ध कृति *प्रिन्सिपल अफ फोनोलोजी* हो । आज प्राग स्कुललाई वाक्यरचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने संस्था पनि मानिन्छ । यसले वाक्यमा शब्दक्रमबिचको सम्बन्ध र सङ्कथनका बारेमा विशेष जोड दिएको थियो । पदक्रम र सङ्कथनमा जोड दिनुको कारण वाक्यमा कसरी पदक्रमलाई सङ्कथनले प्रभाव पारेको हुन्छ भन्ने कुरा अध्ययन गर्नु थियो । आधुनिक वाक्यसिद्धान्तमा प्राग स्कुलले चार अवधारणा प्रस्तुत गरेको छ : विषय (टपिक), टिप्पणी (कमेन्ट) प्रवृत्त (गिभेन) नयाँ (न्यु) । जेका बारेमा छलफल गरिएको छ, त्यो विषय हो । विषयका बारेमा जे भनिएको छ, त्यो टिप्पणी हो । प्रवृत्त भनेको चाहिँ सन्दर्भ हो । अनि नयाँ भनेको नवसूचना हो । जे होस् चेक संरचनावादी पनि ससुरेली अवधारणामा टेकेरै माथि उठेका हुन् ।

## फ्रान्सेली संरचनावाद

फ्रान्सेली संरचनावादको स्थापना सन् १९६० को दशकमा फ्रान्समा भएको हो । यसका प्रमुख चिन्तक **क्लड लेभी स्ट्रउस** मानिन्छन् । यिनी बेल्जियममा जन्मे । पछि पेरिस गए । त्यहाँबाट ब्राजिलको अमाजोन घुम्दै त्यहाँको संस्कृतिको अध्ययन गरे । त्यहाँबाट अमेरिका गई अन्त्यमा फ्रान्स फर्के र फ्रान्सेली संरचनावादको विकास गरे । यिनको समूहलाई पेरिस समूह भन्ने चलन छ । यिनले चलाएको समालोचना पद्धति फ्रान्सेली समालोचन पद्धति हो । यसले पनि ससुरको भाषिक नमुनालाई नै साहित्यको व्याख्या गर्नका लागि प्रयोग गऱ्यो । यस पद्धतिमा साहित्यिक कृतिका तत्त्वहरूको अन्तर्सम्बन्धलाई सूक्ष्म परीक्षण एवं विश्लेषण गरिन्छ । यसले ध्वनिविज्ञान, अर्थविज्ञान, मनोविज्ञान, समाजविज्ञान, शरीरविज्ञानका अतिरिक्त साहित्यिक संरचनाका परिप्रेक्षमा पनि अध्ययन गर्ने उद्देश्य लिएको देखिन्छ । स्ट्रउस ससुरबाट प्रभावित थिए । उनले सामाजिक संरचना र मिथकको अध्ययन एवं विश्लेषण गर्न थालेपछि फ्रान्सेली संरचनावादको थालनी भएको मानिन्छ । स्ट्रउसको ऐतिहासिक पुस्तक *संरचनावादी मानवशास्त्र* हो । खास गरी स्ट्रउसले ससुरको भाषासम्बन्धी कार्यलाई मानवशास्त्रमा पनि लागु गरे । यिनले मूलतः नातागोता, मिथ र अपरिष्कृत मस्तिष्कसम्बन्धी तीन सिद्धान्त दिएका छन् (शर्मा र लुइटेल, २०६१, पृ.२२१) ।

स्ट्रउसको मिथक विश्लेषणको धारणाले आख्यान साहित्य र समालोचना दुवैलाई प्रभावित तुल्याएको छ । वर्णनात्मक कृतिका नमुना मिथबाट आएका हुन् भन्ने विचार उनले व्यक्त गरेका हुन् । खास गरी ब्राजिलका आदिवासीका आपसी व्यवहार, धार्मिक कृत्य, मौखिक पूराकथा, हाउभाउ आदिमा आधारित अध्ययन गरेर पौराणिक कथाहरू मानव सभ्यताका प्रतीकात्मक अभिव्यक्ति हुन् र यिनले मानव जातिको सामुहिक मनको प्रतिनिधित्व गर्छन् भनेका छन् (अधिकारी, २०६१, पृ.८२) । यो नै साहित्यिक संरचनावादको विकासको आधार हो ।

ससुरले प्रतिपादन गरेको र भाषामा लागु गरेको संरचनावादलाई क्लौडे लेभी स्ट्रउसले सन् १९५० को दशकमा मानवशास्त्रमा लागु गरेर एक बृहत् रूप प्रदान गरे । उनले यसरी प्रतिपादन गरेको संरचनावादलाई *संरचनावादी मानवशास्त्र* भन्ने नाम दिइयो । उनले यसो गर्नुको उद्देश्य वाह्य सांस्कृतिक घटनाहरू फरक फरक भए पनि सम्पूर्ण मानिसलाई जोड्ने तिनमा अन्तर्निहित भित्री संरचना एउटै छ भन्ने कुरा हेर्नु थियो ।

फरक संस्कृतिहरूमा फरक संस्कारगत रूपहरू भए तापनि तिनले सामुदायिक जीवनको महत्त्वपूर्ण पक्षलाई अभिव्यक्त गर्दछन् । यसले हामीलाई के कुराको सङ्केत गर्दछ भने सम्पूर्ण मानवीय संस्कृतिहरूमा एउटा समान संहितावद्ध पद्धति छ । जस्तै; साथी रोजाइ, नातागोताको सम्बन्ध, विवाह, जन्ममृत्यु संस्कार आदि । यी कुरा प्रत्येक संस्कृतिमा फरक हुन सक्छन् तर हरेक समाजमा अभ्यास गरिने साझा संहिता नै हुन् । त्यसैले यस संसारमा जति पनि संस्कृतिहरू छन्, ती सबै एउटै निश्चित सांस्कृतिक संरचनाका धेरैवटा वाणी मात्र हुन् । ती सतही रूपमा मात्र फरक छन् । भित्री तहमा सबै एकै छन् ।

धेरैवटा मिथकमा भएका फरक संस्कृतिभित्र समान संरचना खोज्नु नै स्ट्रउसको चाखको विषय थियो । उनका अनुसार फरक मिथक वास्तवमा एउटै संरचनात्मक मिथकका फरक संस्करण मात्र हुन् । जसबाट फरक संस्कृतिमा हुर्केका मानिसहरू पनि समान संरचनागत चेतना साटासाट गर्छन् भन्ने कुराको पुष्टि हुन्छ । ती संरचनागत समानताले अन्तरसांस्कृतिक घेरालाई स्पष्ट पार्दछन् । यसले सम्बन्ध-बन्धनलाई परिभाषित गर्न र मानव जातिकै उत्पतिका बारेमा उठ्ने दार्शनिक प्रश्नहरूलाई पनि उत्तर दिन सक्छ । यो पछिल्लो प्रश्नलाई खुलस्त बनाउन लेभी स्ट्रउसले ओडिपस मिथकको अध्ययन गरे । उनले ब्राजिलका आदिवासीहरूका मिथकको अध्ययनबाट पनि के निष्कर्ष निकाले भने सगोत्री मानवीय व्यवहारका ढाँचा र संस्थापनका अस्तित्वले मानवीय मनको सञ्चारविधिको लक्षणलाई देखाउँछ । उनले अमेरिकी आदिवासी पूराकथाको पनि अध्ययन गरे । यसरी धेरैवटा मिथकहरूको अध्ययनबाट प्रत्येक मिथकको मिथकीयताबिच समानता पाए । मानव समुदायको फरक भाषा, संस्कृति र रीतिरिवाजहरू सबै एउटै संरचनाबाट उत्पन्न भएका धेरैवटा वाणीहरू हुन् । मिथकीयता जुन मिथकको मौलिक तत्त्व हो, सबै मिथकहरूमा समान हुन्छ भन्ने निष्कर्ष उनले दिएका छन् ।

फ्रान्सेली संरचनावादका अर्का चिन्तक **रोलाँ बार्थ** (१९१५–१९८०) हुन् । सुरुमा उनी संरचनावादी थिए । पछि गएर उत्तरसंरचनावादमा उनले निकै ठुलो योगदान दिएका छन् । उनका *मिथोलोजिज* (१९५८) र लेखकको मृत्यु (१९६८) महत्त्वपूर्ण कृति हुन् । यिनी भाषालाई सामाजिक व्यवहार मान्छन् । यिनले नातागोता, वस्त्र, आभूषण, खाद्यान्न परिकार, आख्यानात्मक सङ्कथन, मिथक, गणचिह्न आदिको व्याख्या सङ्केत व्यवस्थाका रूपमा गरेका छन् । सङ्केत व्यवस्थाको पनि भाषाको जस्तै आफ्नै व्याकरण र वाक्यविज्ञान हुन्छ भन्ने यिनको धारणा छ (शर्मा र लुइटेल, २०६१, पृ.२२१) ।

बार्थका अनुसार जब हामी पठन क्रियामा लाग्छौँ, हाम्रो सम्पर्क पाठका शब्द वा वाक्यहरूसँग हुन्छ । यिनलाई बुझ्न हामीले केही संहिताको प्रयोग गर्नुपर्छ । संहिता भनेको कुनै एक संस्कृतिको अभिप्रायको त्यस्तो पद्धति हो, जसद्वारा यथार्थको मध्यस्तता गरिन्छ । संरचनावादी सिद्धान्तका अनुसार सबै प्रकारका सांस्कृतिक प्रक्रियाहरू संहिताका उपज हुन् । संहिताले सांस्कृतिक तत्त्व जस्तै, मानव जीवनपद्धतिका मनोवृत्ति, मान्यता, विश्वास, कला, ज्ञानका विधि, विचार तथा क्रियाकलापका आदत र वास्तविकताका बिच मध्यस्थताको काम गर्छन् (अधिकारी, २०६१, पृ. ८३) ।

ससुरको भाषाशास्त्रका आधारमा बार्थले पाँच किसिमका संहिता छुट्याएका छन् ।

**क) कार्य संहिताः** यसले पाठकलाई घटनाहरूको शृङ्खलामा अर्थ पत्ता लगाउन प्रेरित गर्छ ।

**ख) व्याख्यात्मक संहिताः** यसअन्तर्गत भुलभुलैया, भाग्यविपर्यय र कौतूहलमा परेका पाठकले घटनाका शृङ्खलामा प्रश्न सोध्छ र उत्तरहरू प्राप्त गर्न कोसिस गर्छ ।

**ग) सांस्कृतिक / आर्थी संहिताः** यसमा पाठकले पाठमा अह्वान गर्न खोजेको ज्ञान तथा मूल्यहरूका पद्धतिलाई सङ्केत गर्छ ।

**घ) गुणार्थ / प्रतीक संहिताः** यसमा पाठक शाब्दिक पाठबाट बाहिर निस्किएर प्रतीकात्मक मूलविषयक पाठमा लाग्छ । यो पठनलाई पात्रहरू र मूल विषयमा निर्धारण गरिन्छ ।

**ङ) सान्दर्भिक संहिताः** यसअन्तर्गत पाठले निर्देश अथवा सङ्केत गरेको सांस्कृतिक पृष्ठभूमिको अध्ययन गर्छ ।

यी संहिताको प्रयोगबाट कथा साहित्यका अङ्गलाई अलग गरी समानताहरू देखाइन्छ र तिनका प्रकार्यहरू केलाइन्छ । रुसी रूपवादीहरू कथालाई कहानी र कथावस्तु अलग गरी अध्ययन गर्छन् भने फ्रेन्च संरचनावादीहरू इतिहास, सङ्कथन र कथन प्रक्रियालाई छुट्याई अध्ययन गर्नुपर्ने आवश्यकता देखाउँछन् । (अधिकारी, २०६१, पृ.८४)

**अल्गिर्डस युलियन ग्रिमास** अर्का फ्रान्सेली चिन्तक हुन् । आफ्नो क्षेत्र अर्थविज्ञान भए पनि आख्यानशास्त्रमा यिनले निकै ठुलो योगदान दिएका छन् । सिमान्टिक (१९६६) यिनको महत्त्वपूर्ण कृति हो । यिनले वाक्य संरचनाको आर्थी विश्लेषणका आधारमा आख्यानको सार्वभौम व्याकरण प्रस्तुत गरेका छन् (शर्मा र लुइटेल, २०६१, पृ.२२२) । ग्रिमासका अनुसार तिन जोडी द्विचरले साहित्यिक कृतिको अर्थ निर्णय गर्छन् : विषय र लक्ष्य, प्रेषक र प्रापक, सहयोगी र विरोधी (अधिकारी, २०६१, पृ. ७२) । यहाँ ग्रिमासको आधार पनि द्विचर विरोधको धारणा नै देखिन्छ ।

अर्का चिन्तक **तोदोरोभले** भने लेखकलाई साहित्यिक संरचनाबाट अलग राख्नुपर्ने कुरामा जोड दिए । सरचनावादले कृतिका वाह्य रूपको मात्र होइन कृतिभित्रका कतिपय अनुपस्थित तथ्यको पनि उद्घाटन गर्न सक्छ भन्ने यिनको धारणा छ (शर्मा र लुइटेल, २०६१, पृ.२२२) । तोदोरोभले व्याकरणिक तहमा विशेषणलाई तीन वर्गमा बाँडे :

विरोधको भिन्नता जस्तै, दुःखी– सुखी,
गुणहरूको भिन्नता जस्तै, सदगुण – दुर्गुण,
अवस्थाको भिन्नता जस्तै, पुरुष – महिला,

उनले क्रियालाई पनि स्थितिलाई अर्थ सीमित गर्ने, कुनै किसिमको गल्ती गर्न प्रतिज्ञा गर्ने र सजायँ दिने गरी तिन वर्गमा बाँडे । क्रियाका भावलाई चाहिँ पाँच वर्गमा बाँडेः

निश्चयात्मकः कथाका घटिसकेका कार्यहरू राखिने
बन्धनात्मकः नैतिक नियमले गर्न नहुने कार्यहरू
इच्छाबोधकः यस्तो भए हुन्थ्यो जस्ता भावहरू
सर्तबन्धात्मकः त्यसो भए यसो गरिन्छ
विधेयात्मकः यस्तो परिस्थितिमा यस्तो हुनेछ ।
(अधिकारी, २०६१, पृ. ८६)

फ्रेन्च संरचनावादी पनि ससुरबाटै प्रभावित देखिन्छन् । मानव समुदायका विभिन्न भाषा, संस्कृति, रीतिरिवाज आदि सबै एउटै संरचनाबाट उत्पन्न धेरै वाणी हुन् भन्ने निष्कर्ष स्ट्रउसको छ । बार्थले भने पाठ बुझ्न कार्य, व्याख्या, संस्कृति, प्रतीक र सन्दर्भ जस्ता पाँच संहिताको आवश्यक पर्ने तर्क दिए । ग्रिमासले तीन

जोडी द्विचरको धारणा दिए । तोदोरोभले लेखकलाई साहित्यिक रचनाबाट अलग राख्नुपर्ने कुरामा जोड दिए । समग्रमा यी सबैका विचार ससुरेली अवधारणाबाटै विकसित भएका देखिन्छन् ।

**निष्कर्ष**

भाषा सर्वाधिक महत्त्वपूर्ण कुरा हो । भाषाभन्दा अगाडि सोचाइ, विचार केही पनि आउँदैनन् । भाषा सिकेपछि मात्र मानिसले अरू कुरा सिक्छ । हरेक भाषाको संरचना हुन्छ । हरेका भाषामा उद्देश्य र विधेय वा कर्ता, कर्म र क्रिया अथवा कर्ता, क्रिया र कर्म अथवा त्यस्तै अरू कुनै संरचनात्मक पद्धतिबाट वाक्यको निर्माण भएको हुन्छ । संरचनावादी अध्ययनले सबै भाषालाई सङ्केत मान्छ । ससुरका अनुसार सङ्केत, सङ्केतक (शब्द वा ध्वनि) र सङ्केतित (मानसिक चित्र, बिम्ब वा धारणा) मिलेर बनेको हुन्छ र ती सङ्केतक र सङ्केतितबिचमा याद्रिच्छिक र रेखिय सम्बन्ध हुन्छ । सङ्केतक स्थिर रहन्छ भने सङ्केतितचाहिँ परिवर्तनशील हुन्छ । सङ्केतहरू एकअर्काभन्दा फरक हुन्छन् त्यसैले ती अस्तित्वमा आउँछन् । एउटा शब्द अर्को शब्दसँग सम्बन्धित भएर नै अस्तित्वमा आउने हुन् । यिनीहरूको सम्बन्धवाचक र भिन्नतावाचक मूल्य हुन्छ । कुनै एउटा उपन्यास पढेर त्यसका पात्र, घटनाहरू, वातावरण र पृष्ठभूमि आदितर्फ ध्यान दिनु संरचनागत अध्ययन होइन, बरु धेरै उपन्यास पढेर तिनीहरूबिच हुने समान घटनाको विकास, कथावस्तु प्रस्तुत गर्ने पद्धति, व्याख्या गर्ने तरिका आदि समान संयन्त्रहरूको अध्ययन गर्नु चाहिँ संरचनागत कार्यकलाप हो । भाषामा धेरै तत्त्व हुन्छन् । ती विभिन्न तत्त्वहरूको सम्बन्धद्वारा एक निश्चित प्रणाली बन्दछ र यसै अनुसार भाषाले कार्य गर्दछ अर्थात् सम्पूर्ण भाषामा समान संरचनागत तत्त्वहरू पाइन्छन् भन्नु नै संरचनावादी अध्ययनको तात्पर्य हो । फरक फरक ठाउँका मान्छेले एउटा वस्तुलाई फरक फरक शब्दले चिन्छन् तर ती शब्दको भित्री संरचना भने एकै किसिमको हुन्छ । संरचनावादीहरू प्रत्येक आन्तरिक संरचनाभित्र निश्चित एकाइ र नियमहरू मिलाएर एउटा अर्थपूर्ण प्रणाली बनाउँछन् र यसलाई बुझ्न मानव मन आफैमा सक्षम छ भन्ने कुरामा विश्वास गर्दछन् । मानव संस्कृतिमा कुनै भाषा छ । प्रत्येका भाषाको आधारभूत संरचना हुन्छ । यसको अर्थ त्यहाँ व्याकरणिक सूत्र र नियमअनुसार शब्दहरू जोडिएका हुन्छन् । जसले गर्दा निश्चित अर्थ आदानप्रदान हुन्छ । ससुरले भाषालाई सधैँ पूर्ण र संरचनाबद्ध अस्तित्व माने र जहिले पनि आफैमा प्रणालीबद्ध र संरचनाबद्ध हुन्छ भनी स्पष्ट पारे । भाषाका एकाइहरूले एकआपसमा मिलेर संरचना बनाउँछन् र प्रणालीगत रूपमा कार्य गर्दछन् भन्ने धारणाको विकास ससुरले गरेका हुन् । ससुरले संरचनाका बारेमा सङ्केत, ज्ञान वा तर्क (लोगोज) याद्रिच्छिक सम्बन्ध र द्विचर सम्बन्ध गरी चार सिद्धान्त दिएका छन् । ज्ञान वा तर्कले अन्तिम सत्यलाई वहन गरेको छ अर्थात शब्दब्रह्मको तात्पर्य बोकेको छ । द्विचर सम्बन्धले अँध्यारोको अर्थ उज्यालो नहुनुलाई जनाएको छ । यसमा बाखोको अर्थ, त्यो स्याल, कुकुर, भेडो, गोरु, बिरालो, खरायो होइन भन्ने हुन्छ ।

सन् १९२० भन्दा अघिसम्म साहित्यिक रचनालाई कार्य भनिन्थ्यो र यसलाई समाज र संस्कृतिका आधारमा बुझिन्थ्यो । १९२० पछि यसलाई पाठ भनियो । पाठ भनेको भाषिक संरचना हो भन्ने धारणा विकसित भयो ।

चेक संरचनावादको विकासमा भने रुसी रूपवादी रोमन याकोब्सन र प्राग विश्वविद्यालयका प्राध्यापक माथेसियसको योगदान सर्वोपरि छ । रुसी रूपवाद र ससुरेली संरचनावादको समन्वयबाट बनेको चेक संरचनावादले पाठ भनेको प्रकार्यात्मक संरचना हो भनी परिभाषित गऱ्यो । याकोब्सनले सम्बोधक, सन्देश, सम्पर्क, सन्दर्भ, संहिता र सम्बोधित छवटा प्रकार्यको चर्चा गरेका छन् ।

पेरिस समूहले पनि ससुरको भाषिक नमुनालाई साहित्यको व्याख्या गर्नमा उपयोग गऱ्यो । स्ट्रउसले संसारमा जति पनि संस्कृति छन्, ती सबै एउटै सांस्कृतिक संरचनाका वाणी हुन् भन्ने कुरा गरे । बार्थले पाठका शब्द र वाक्य बुझ्न संहिताको उपयोग गर्नुपर्ने चर्चा गर्दै पाँच प्रकारका संहिताको चर्चा गरे । ग्रिमासले विषय र लक्ष्य, प्रेषक र प्रापक, सहयोगी र विरोधी जस्ता तिन जोडी द्विचरले कृतिको अर्थ निर्णय गर्छन् भन्ने कुरा बताए

। । संरचनावादले कृतिका वाह्य रूपको मात्र होइन कृतिभित्रका कतिपय अनुपस्थित तथ्यको पनि उद्घाटन गर्न सक्छ भन्ने कुरा तोदोरोभले बताए ।

संरचनावादी समालोचनाले कृतिको मूल्य निर्धारण गर्न सक्दैन । कृतिको ऐतिहासिकता र गम्भीर अध्ययनलाई पनि आवश्यक ठान्दैन । यसमा कृतिको अध्ययनभन्दा पनि बढी सिद्धान्तको व्याख्या हुन्छ । यसले कृतिलाई बन्द प्रणालीको घेराभित्र राखेका कारण रोलाँ बार्थ जस्ता संरचनावादी उत्तर संरचनावादी बन्न पुगे । यसको कृति विश्लेषण गर्ने आधार पनि यान्त्रिक जस्तो लाग्छ । कृतिलाई समकालिक दृष्टिले मात्र हेर्नु, कार्यकारण सिद्धान्तलाई स्वीकार नगर्नु, वैयक्तिकतालाई महत्त्व नदिनु र सामाजिक शास्त्र जस्तै भाषालाई वैज्ञानिक घेरा भित्र ल्याउने र भाषाशास्त्रका नियमले साहित्यका समस्या हल गर्न नसक्ने जस्ता कमजोरीले गर्दा यसको प्रभाव फ्रान्स र रुसमा बढी पऱ्यो अन्यत्र भने शक्तिशाली प्रभाव पर्न सकेन । जे होस्, संरचनावादको मूल आधार ससुरेली अवधारणा नै हो । यस आधारभूमिमा टेकेर नै पेरिस स्कुल, प्राग स्कुल, अमेरिकी संरचनावाद अदि विकसित भएका हुन् ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, इन्द्रविलास (२०६१). *पश्चिमी साहित्य सिद्धान्त.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६१). *पश्चिमी बलेँसीका बाछिटाहरू.* काठमाडौँ : ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौ : विद्यार्थी प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०५९). *साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ.* काठमाडौ : त्रिकोण प्रकाशन ।

Abram, M.H. (1993). *A Glossary of Literary Terms*. 6th Ed. Banglore : Prisim Books pvt.

Adoms, Hazard (1992). *Critical Theory Since Plato* (Revised edition). New York : Harcourt Brace Jovanovich, inc.

Groden, Michele, Martin Kreiswirth & Imre Szeman (2005). *The Johns Hopkins Guide to Literary Theory & Criticism* (second edition). U.S.A. : The Johns Hopkins University Press.

Jeremy, Hawthern (2000)). *A Glossary of Contemporary Literary Terms* (fourth edition). Landon: Arnold.

Tranas, Richard, Ed. (1993). *The Passion of Western Mind*. New York: Ballantive.

Tyson, Lois (2006). *Critical Theory Today*. New York and London: Garland Publishing. Inc.

Structuralism, www.arpitakarwa.com.

J ü rgen Van de Walle, Dominique Willems , Klaas Willems

https://www.researchgate.net/publication/286335197_Structuralism

https://www.researchgate.net/publication/314411094_Prague_School_and_Structural_Linguistics.

Wikipedia, the free encyclopedia. Html